नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

आज मिति २०८२/०८/१४ गते आइतबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीको अध्यक्षतामा तपसिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. समन्वय प्रमुख, श्री गुमान सिं ईस्वो, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम
२. नगर प्रमुख, श्री संजय कुमार तुम्बाहाम्फे, म्याङलुङ नगरपालिका, तेह्रथुम
३.
४.

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री प्रकाशचन्द्र अधिकारी | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री [illegible] प्रकाश तुम्बाहाङफे | नेपाली काङ्ग्रेस, तेह्रथुम | सह सचिव |
| | श्री भिम ब. लवागुन | नेकपा एमाले, तेह्रथुम | जि. [illegible] |
| | श्री सुर्य बहादुर घिमिरे | नेकपा माओवादी केन्द्र, तेह्रथुम | प्रतिनिधि |
| | श्री [illegible] | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री रमेश कार्की | कोष तथा लेखा नियन्त्रक कार्यालय, तेह्रथुम | प्र.को.नि. |
| | श्री रविन कार्की | म्याङलुङ्ग नगरपालिका,तेह्रथुम | प्र.प्र.अ. |
| | श्री कृष्ण तिवारी | शत्रुमर्दन गुल्म, म्याङलुङ्ग ब्यारेक | सेनानी |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री लिलाराज लामिछाने | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |
| | श्री महेश राज विष्ट | सशस्त्र प्रहरी बल नेपाल नं. ३ गुल्म हे.क्वा | स.प्र.ना.उ. |
| | श्री डिल्लीराम भट्टराई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | रमेश चन्द्र दाहाल | वसन्तपुर पर्यटन प्रवर्द्धन आयोजना तेह्रथुम | नि. अ.प्र. |
| | श्रीकृष्ण दाहाल | ने० रे० क्रो० सो० शा० | सभापति |
| | तारा वीर श्रेष्ठ | ते० उ० वा० संघ वाणिज्य उपाध्यक्ष | वाणिज्य उपाध्यक्ष |
| | कृष्ण बिष्ट्ली गौतम | पत्रकार महासंघ | सचिव |
| | विशाल राई | कृषि ज्ञान केन्द्र, तेह्रथुम | नि. प्रमुख |
| | राजकुमार कुशवाहा | जि० आपतकालीन के० | प्र. व. हु० |
| | श्याम कुमार कटेल | नेपाल टेलिकम | का. प्र. |
| | हिम चन्द्र रेग्मी | जि० ख० स० को कार्यालय तेह्रथुम | नि. ले. अ |
| | काँग टापके लाताङ | खा. पा. ष डिभिजन | इ. |
| | आशित नारायण मण्डल | पूर्वाधार विकास कार्यालय तेह्रथुम | इन्जिनियर |
| | विनय ज्ञवाली | स्वा. का. | का. प्र |
| | विशाल डोवल | जलस्रोत तथा सिंचाई विकास डिभिजन | सब-इन्जिनियर |
| | रितु विष्ट | कार्यक्रम कार्यान्वयन एकाई, तेह्रथुम. | ना. सु |
| | बालकृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| [signature] | रामप्रसाद महराई | जिल्ला प्रशासन का. | रा.प्र. |
| [signature] | सुनिल सिटौला | " | ना.सु. |
| [signature] | प्रकाश खनाल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | कां.लि. |

## २०८२/०८/१४ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकका निर्णयहरू:-

१. मिति २०८२।०४।१६ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा छलफल गरियो।

२. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan-DPRP)-२०८२/०८३ मा निर्दिष्ट रणनीति अनुसार विपद् पूर्व तयारीका लागि जोखिमयुक्त स्थानहरु, जोखिमको समयमा उपयोग गर्न सकिने सुरक्षित स्थानहरु पहिचान र उपयोगका सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत नागरिक एंव सरोकारवालाहरुलाई जानकारी गराउने।

३. लालीगुराँस नगरपालिका वडा नं -६ निवासी अरत्र बहादुर लिम्बुको घर आगलागीमा परी अस्थायी आवास निर्माण गर्नु पर्ने भई विपद् बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ को दफा ४(१) बमोजिम पहिलो र दोस्रो किस्ता वापतको रकम रु ५०,०००।-(पचास हजार)को लागि सम्झौता भई आएकाले लालीगुराँस नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन कोषमा रकम निकासा दिने ।

४. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय धनकुटाको पत्र संख्या०८२/०८३, चलानी नम्बर ८५, मिति २०८२/०८/१२ गतेको पत्र मार्फत असोज १९ र २० को वर्षातका कारण यस जिल्ला भित्र भएको क्षतिको मर्मत कार्यगर्न आवश्यक बजेट व्यवस्थापनका लागि सिफारिस माग भएको हुँदा तपसिल बमोजिम सिफारिस गर्ने।

| क्र.स. | क्षतिको विवरण | आयोजनाको नाम /स्थान | क्षतिको प्रकार | क्षतिको अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १. | खानेपानी विस्तार पाइपमा क्षति | खेसेरा खानेपानी योजना फेदाप -४ | आंशिक | रु.१,५०,०००।- | |
| २. | खानेपानी विस्तार पाइपमा क्षति | ठला डाँडा खानेपानी योजना फेदाप -४ | आंशिक | रु.७,००,०००।- | |
| ३. | रिर्जव टङ्याक भत्किएको | ढुङ्ढुङे खानेपानी योजना फेदाप -५ | आंशिक | रु.१०,००,००० | |
| ४. | खानेपानी विस्तार पाइपमा क्षति | मुलपानी खानेपानी योजना फेदाप -१ | आंशिक | रु.१,५०,०००।- | |

५. विकासका कारण सृजना हुनसक्ने विपद्जन्य घटनाहरूबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न विकास आयोजनाहरूले आ-आफ्नो कार्यक्षेत्रमा पर्ने संरचनाहरूको समयमै मर्मत गर्न आवश्यक व्यवस्था मिलाउने। साथै लोकमार्ग अवरोध भएमा तत्काल अवरोध हटाउन आवश्यक सहजिकरण गर्ने।

६. हिउँद र सुख्खा मौसमको सुरुवात भएको हुँदा **मनसुन, शितलहर, आगलागी, चट्याङ्ग, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना, २०८२/०८३** ले निर्दिष्ट गरेका रणनीति अनुसार विपद् पूर्व तयारी प्रतिकार्य र राहत, पुनर्स्थापना सम्बन्धी समग्र व्यवस्थापन एंव सचेतनामुलक कार्यक्रम संचालनमा समेत जिल्ला विपद् व्यवस्थापन समिति स्थानिय विपद् व्यवस्थापन समिति लगायत सबै निकायहरु जिम्मेवार बन्ने।

७. हिंउदमा हुने अत्याधिक आगलागी वन डढेलो सम्बन्धी विपद् रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि आगलागी तथा वन डढेलो न्यूनीकरण कार्ययोजना तर्जुमा गर्ने र सबै स्थानीय तहको सक्रियतामा डिभिजन वन कार्यालयले जनचेतनामूलक कार्यक्रम प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्ने साथै सो कार्यका लागि आवश्यक उपकरणहरुको व्यवस्थापन गर्ने/गराउने।

८. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट तयार भएको **हिमपात तथा पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२** सम्बन्धमा बैठकमा जानकारी एंव छलफल भयो। सो कार्ययोजना थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने काममा सहयोग एंव समन्वयका लागि सबै स्थानीय तह एवं सरोकारवाला सबैमा गर्न अनुरोध गर्ने।

९. स्थानीय तह, राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन ईकाई, डिभिजन वन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, कृषि ज्ञान केन्द्र लगायतका अन्य सम्वन्धीत कार्यालयहरुले क्षमता विकास/उद्यमशीलता/आयमूलक कार्यक्रम सन्चालन गर्दा विपद् जोखिममा परेका ब्यक्तिहरुलाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने।

१०. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्र संख्या ०८२/०८३, चलानी नम्बर ५७३, मिति २०८२/०८/०२ गतेको पत्र मार्फत प्राप्त भएको **आपत्कालिन कार्य संचालन केन्द्र संचालन कार्यविधी २०८२** माथि छलफल गरियो। साथै उक्त कार्यविधी सबै स्थानीय तह र जिल्ला स्वास्थ्य कार्यालयमा जानकारी एवं प्रभावकारी कार्यान्वयनका लागि पठाउने।

११. मुख्य लोकमार्ग (मध्यपहाडी लोकमार्ग) बाट शाखा सडकको रुपमा Track खोली संचालन गर्ने क्रममा सडकको प्रवेश विन्दु मुल सडकमा विपद् जोखिम न्यूनिकरण एंव क्षति नहुने गरी भरपर्दो व्यवस्था मिलाएर मात्र शाखा सडक खोल्न जिल्ला स्थित पुर्वाधारसँग सम्बन्धित कार्यालय र स्थानीय तहलाई अनुरोध गर्ने।

१२. मध्यपहाडी लोकमार्गमा निर्माण भएका नालीहरुको सरसफाई मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयले गर्ने गराउने। साथै सो कार्यकालागि आवश्यक सहयोग एंव समन्वय गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने।

१३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट तयार भएको स्वयंसेवक व्यवस्थापन प्रणाली संचालनमा आवद्ध भई विपद् जोखिम न्यूनिकरण कार्यमा जनचेतना अभिवृद्धि गर्ने। साथै नागरिकमा स्वयंसेवकको भावना जागृत गराउन जिल्ला स्थित स्थानीय तह लगायत सरोकावाला सबैमा अनुरोध गर्ने।

१४. उपयुक्त सबै कार्यका लागि यस जिल्लामा विपद् क्षेत्रमा काम गर्ने संस्थाले आवश्यक सहजिकरण गर्ने ।